जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.सि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष २९ अंक १८५ २०७६ साल फागुन ९ गते शुक्रबार (21 Feb. 2020 Friday) मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : गाँजा खेती आम्दानीको ... ३ पृष्ठमा : जब विमानस्थलमा ... ३ पृष्ठमा : कोरोना भाइरसबाट चीन्मा ...

**२०७५ साल भदौ १ गते लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- मासिक बीस हजार रुपैयाँभन्दा बढीमा घर बहालमा दिँदा घर बहालमा लिने दिने व्यक्तिले लिखित सम्झौता गर्नु पर्ने,
- काम लगाउने व्यक्तिले काम गर्ने व्यक्तिलाई कामको अनुपातमा ज्याला दिनु पर्ने,
- पचास हजार रुपैयाँ भन्दा बढी रकम लेनदेन गरी घरसारमा तयार भएको लिखत स्थानीय तहबाट प्रमाणित गराउनु पर्ने,
- धर्मपुत्र धर्मपुत्री राख्दा जिल्ला अदालतबाट प्रमाणीकरण गराउनु पर्ने,
- सार्वजनिक पदाधिकारीले पदीय हैसियतमा नाम र दर्जा खुलाई कुनै लिखतमा हस्ताक्षर गर्नु पर्नेमा सो नगरे पाँचसय रुपैयाँसम्म जरिवाना हुन सक्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# सातौं लोकेन्द्र स्मृति राष्ट्रिय जुडो प्रतियोगिता फागुन १९ देखि




**दैनिक समाचारदाता**
**राजविराज, ८ फागुन ।**
स्व. लोकेन्द्र कुमार श्रेष्ठ स्मृति ७ औँ राष्ट्रिय जुडो प्रतियोगिता आगामी फागुन १९ गतेदेखि राजविराजमा हुने भएको छ ।

राष्ट्रिय जुडो संघले बिहीबार राजविराजमा पत्रकार सम्मेलनको आयोजना गरी प्रतियोगिताको सम्पूर्ण तयारी पुरा भइसकेको जानकारी दिँदै फागुन १९ र २० गते संघ तथा सप्तरी जिल्ला जुडो संघको संयुक्त आयोजनामा स्थानिय राजरंगशालामा प्रतियोगिता हुने जनाएको छ ।

संघका राष्ट्रिय उपाध्यक्ष पियुस श्रेष्ठले प्रतियोगिताको सम्पूर्ण तयारी पुरा भएको जनाउदै सहभागि टिमको विवरण तथा खेल तालिका समेत सार्वजनिक गरेका छन् ।

प्रतियोगिताको ७ औँ संस्करणमा करिब ११ लाख रुपैया खर्च हुने अनुमान गरिएको र यसको मुख्य प्रायोजकमा माउण्ट एभरेष्ट ब्रुअरी प्राली काठमाण्डौं तथा सह प्रायोजकमा मारुती ( सुविधा) ग्यास उद्योग प्राली दुहवी रहेको पत्रकार सम्मेलनमा संघका राष्ट्रिय उपाध्यक्ष श्रेष्ठले जानकारी दिए ।

प्रतियोगिताको उद्घाटन राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव रमेश शिलवालले गर्ने तय भएको जानकारी दिएका उनले प्रतियोगिता भव्य र सभ्य रुपमा सम्पन्न गर्न सबै सँग सहयोगका लागि आग्रह समेत गरे ।

प्रतियोगिता आयोजक समितिका संयोजक एवं जिल्ला जुडो संघका सचिव पंकज गुप्ताले प्रतियोगितामा काठमाण्डौं, ललितपुर, भक्तपुर, नुवाकोट, कास्की, धनुषा, मोरङ, सुनसरी, झापा, पर्सा, बारा, सिरहा, उदयपुर, बाके, बर्दिया, इलाम, रसुवा कंचनपुर, कैलालि, गोरखा र आयोजक सप्तरीका साथै तीन विभागिय टिम सशस्त्र, नेपाल प्रहरी र सेनाका गरी २४ टिमको सहभागिता रहने जानकारी दिए ।

प्रतियोगितामा विभिन्न एक दर्जन तौल समुहमा प्रतिस्पर्धा हुने कार्यक्रम रहेको तथा प्रत्येक टिमबाट ७/७ जना महिला र पुरुष खेलाडी, १/१ जना प्रशिक्षक र १/१ जना टिम व्यवस्थापक गरि ३ सय ६१ जनाको सहभागिता रहने पत्रकार सम्मेलनमा जानकारी गराएको छ ।

# क्रिकेट टिमहरुलाई ड्रेस वितरण




**दैनिक समाचारदाता**
**राजविराज, ८ फागुन ।**
सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाले गजेन्द्र नारायण सिंह स्मृति क्रिकेट प्रतियोगिताका लागि वडा स्तरीय टिमहरुलाई बिहीबार ड्रेस बितरण गरेको छ ।

गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत राजुकुमार झा र कार्यक्रम अधिकृत राजेश कुमार झाले आठ वटै टिमलाई जर्सी बितरण गरेका हुन् ।

प्रतियोगितामा गाउँपालिकाको आठ वटै वडाका वडा स्तरीय टिमको सहभागिता रहने कार्यक्रम अधिकृत राजेश झाले बताए । प्रतियोगिता फागुन ११ गतेदेखि बभनगामा कट्टीको खेल मैदानमा सञ्चालन हुनेछ ।

**बुध्द एयरको दैनिक उडान अब राजविराजबाट पनि यही माघ १८, फेब्रअरी १ देखि**




बुध्द एयरको वेवसाईट buddhaair.com तथा मोबाईल एपबाट उडानको समय, तालिका, भाडादर हेर्न र सजिलैसँग टिकट खरिद गर्न सकिन्छ ।

**थप जानकारीका लागि**

**गजेन्द्र नारायण सिंह अस्पतालको दक्षिण गेट अगाडी, राजविराज**

**फोन नं. : 031-522408/09**

# संचारमन्त्रीद्वारा राजीनामा



**दैनिक समाचारदाता**
**काठमाडौं, ८ फागुन ।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुल बास्कोटाले बिहीबर राजीनामा दिएका छन् ।

सेक्युरिटी प्रिन्टिङ प्रेस खरिदका लागि स्वीस एजेन्टसँग ७० करोड कमिसनका लागि कुराकानी भएको अडियो सार्वजनिक भएपछि बास्कोटाले राजीनामा दिएका हुन् ।

बास्कोटाले राजीनामा दिएको सभामुख अग्नि सापकोटाले संसदमा जानकारी दिए । यता कांग्रेसले संसद अवरुद्ध गरेपछि सभामुख बास्कोटाले सञ्चारमन्त्रीले राजीनामा दिइसकेको बताएका थिए ।

उनले भने, 'औपचारिक पत्र त आउने नै छ । मलाई अनौपचारिक रुपमा जानकारी भएअनुसार सम्बन्धित मन्त्रीले राजीनामा दिइसक्नु भएको छ । र, सरकारको ध्यानाकर्षण पनि भइसकेको छ ।'




**देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।**

हाम्रो सेवाहरु →

iPay remit, Western Union Money Transfer, Prabhu Money Transfer, IME International Money Express, himal remit, CG Money, Best Remit, City Express, IME pay, MoneyGram money transfer

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

## सम्पादकीय ....

# शिवरात्रीमा गाँजा भाङ्गको प्रयोग नगरौं

आज महाशिवरात्रि । प्रत्येक वर्ष यस पर्वको अवसरमा सप्तरीसहित मुलुकभरी विभिन्न कार्यक्रमको आयोजना गरी मनाईन्छ । यस पर्वमा युवायुवतीहरुले गाजा भांगको सेवन गर्ने प्रवृति समेत बढ्दै गएको छ । विगतका वर्षदेखी गाँजा भांग सेवन गर्नेहरुको संख्या बढ्दै गएको छ । यस दिन शिवको प्रसाद भन्दै युवाहरु गाँजा भांगलाई मगन्य सेवन गर्ने गर्छन् । जुन गैरकानुनी हो । सरकारले गाँजा भांग, धतुरलगायतलाई लागु पदार्थमा राखेपनि यस दिन यसलाई नियन्त्रण गर्न प्रहरी प्रशासनलाई हम्मे हम्मे हुने गरेको छ ।

यता यस पर्वको अवसरमा मुलुकभरीको शिवालयहरुमा बिहानैदेखी शिवको पुजा गर्न घुँइचो लाग्ने गर्दछ । रातो साडीमा महिलाहरु शिवको पुजा गर्दै दिनभरी ब्रत बस्ने गर्दछन् । महाशिवरात्रि पर्वको अवसरमा राजविराजस्थित शिव मन्दिरको प्राङ्गणमा विभिन्न सघ संस्थाहरुले भव्य रुपमा भगवान शिवको पुजाआजा गरी मनाउने गर्दछ ।

तसर्थ महाशिवरात्रि पर्वका दिन युवायुवतीहरुद्वारा गाजा भांग जस्ता नशालु पदार्थहरु सेवन गर्ने प्रवृति दिन प्रतिदिन बढ्दै गएकाले त्यसतर्फ सबैको ध्यान जानुपर्ने आवश्यकता रहेको छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट

आइसियु स्पेस्लिष्ट र पेन फिजिसिएन

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# गाँजा खेती आम्दानीको स्रोत बन्न सक्छ



**डा. रामदेव पंडित**

कुनै समय नेपालमा गाँजाको बजार दक्षिण एसियाकै उत्कृष्ट मानिथ्यो । तराईका पर्सा, बारा, सिरहा, महोत्तरी र धनुषा मात्र होइन, मध्य र पश्चिम पहाडका जिल्लामा समेत गाँजा प्रशस्त उत्पादन हुन्थ्यो । दोस्रो विश्वयुद्धकै समयदेखि नेपाली गाँजा भारत र अन्य देशमा 'ब्रान्ड' का रूपमा स्थापित थियो । नेपालको अर्थतन्त्रमा विशेष महत्व राख्ने गाँजा खेतीमा समय क्रमसँगै कानुनतः प्रतिबन्ध लाग्यो । तर, पछिल्लो समय यसलाई पुनः खुला गर्नुपर्ने आवाज उठिरहेको छ । यिनै आवाजका कारण गाँजा बहसले पुनः एक पटक स्थान पाएको छ ।

नेपालमा गाँजामाथिको प्रतिबन्ध हटाइनुपर्ने बहसमा एउटै मात्र कारण अघि सारिएको छैन । एकथरीले गाँजा खुला भएमा युवा पुस्तालाई हेरोइन र अन्य फर्मास्युटिकल ड्रग्सको कुलतबाट जोगाउन सकिने तर्क गरिरहेका छन् । अर्काथरीले चाहिँ गाँजाको औषधीय गुण अगाडि सार्ने गरेका छन् । केहीले भने अन्तर्राष्ट्रिय बजारमा उच्च माग रहेको नेपाली चरेस निर्यात गरेर देशले ठूलो आम्दानी गर्ने दाबी पनि गरेका छन् ।

नेपालमा हिप्पी संस्कृति बढिरहँदा सन् १९६१ मार्च ९ ( २०१७ साल चैत) मा संयुक्त राष्ट्रसंघीय मुख्यालयमा सम्पन्न सम्मेलनले अन्तर्राष्ट्रिय सन्धि 'द सिंगल कन्भेन्सन अन नार्कोटिक ड्रग्स १९६१' पारित गर्‍यो, जसले गाँजालाई पनि अफिम सरहको कडा खालको लागूऔषध मान्दै प्रतिबन्ध लगायो । सन्धि पक्षधर सदस्य राष्ट्रहरूले गाँजा खेती नियन्त्रणका लागि अग्रसरता लिनुपर्ने अनिवार्य व्यवस्था गर्दै औषधीय र अनुसन्धान प्रयोजन बाहेक गाँजामा प्रतिबन्ध लगाइयो । यस्तो नीति अनुसार सन्धिको पक्षराष्ट्र नेपालले गाँजामा पूर्ण प्रतिबन्ध लगाउन सहयोग नगरेको भनेर राष्ट्रसंघ असन्तुष्ट थियो नै, हिप्पी बनेर काठमाडौं आएका कतिपय अमेरिकी नागरिक गाँजा सेवन गर्न यतै बस्न थालेपछि अमेरिकाले पनि गाँजामाथि प्रतिबन्ध लगाउन दबाब दियो ।

अन्ततः २०३३ सालमा लागूऔषध (नियन्त्रण) ऐन जारी गरेर 'गाँजाको खेती, उत्पादन, खरीद-बिक्री, निकासी, पैठारी, सञ्चय र सेवन गर्न' प्रतिबन्ध लगाइएको थियो । नेपालमा गाँजामाथि प्रतिबन्ध लगाउन दबाब दिने अमेरिका, क्यानाडा लगायतका पश्चिमा मुलुकहरूले नै अहिले आएर प्रतिबन्ध हटाई सके पछि नेपालले पनि गाँजा खुला गर्नुपर्ने आवाज उठ्नु अस्वभाविक भन्न सकिन्न । अमेरिकाका १२ राज्य तथा उरूग्वे, क्यानडा, थाइल्यान्ड लगायत राष्ट्रमा गाँजा खेतीले अहिले मान्यता पाएको अवस्था छ ।

गाँजा खेतीलाई खुला गर्नुपर्ने आवाज नेपालमा आइरहे पनि लामो समयदेखि यसले राजनीतिमा प्रवेश पाएको थिएन । तर, लगभग १ बर्ष अघि प्रतिनिधिसभा बैठकमा सांसद विरोध खतिवडाले गाँजालाई खुला गर्नुपर्ने धारणा राखेपछि यसमाथि बहसको थालनी भएको छ । साताअघि मात्रै संघीय संसदमा ४६ सांसदले गाँजाखेतीलाई वैधता दिनुपर्ने माग राखेका छन् ।

अहिले नेपालमा गाँजा खेती गैर कनुनी हो तर मधेशमा गाँजाको खेती आजसम्म पनि पूर्ण रूपले निस्तेज हुन सकेको छैन । पर्सा प्रहरीले मात्र यस वर्ष माघ महिना सम्ममा २९ कठ्ठा जग्गामा लगाइएको गाँजा खेती नष्ट गरेको छ । गत आर्थिक बर्षमा २ बिघा १० कठ्ठा र त्यसभन्दा अघिल्लो आर्थिक बर्षमा ४ कठ्ठा ५ धुर जग्गामा गरिएको गाँजा खेती फँडानी गरेको थियो ।

नेपालमा उत्पादित गाँजा, चरेश, कच्चा अफिम भारत पुग्छ भने भारत गएको कच्चा अफिमबाट ब्राउन सुगर बनाएर नेपाल भित्र्याईन्छ । तराई-मधेशमा परम्परागत रूपमा हुँदै आएको गाँजा खेती तथा यसको सेवनलाई नियन्त्रण नगरिँदा युवाहरू लागूऔषधको कुलतमा फस्ने गरेको पनि पाइन्छ । सुरूमा गाँजा सेवन गर्ने युवाहरू पछि त्यो नपाउँदा अफिम, ब्राउन सुगर, आदि विभिन्न प्रतिबन्धित औषधितर्फ आकर्षित हुने गरेका पनि पाइन्छन् ।

कानुनी रूपमा खेती गर्न नपाएकोले मधेशमा अहिले बाटोघाटो नभएको तथा विकट स्थानका ऐलानी जग्गा, खोलाको बगर, उखु बालीभित्र लुकाएर गाँजाको खेती गरिने गरिएको पाईएको छ । यस्ता स्थानमा या त प्रहरीको नजर पर्दैन, या प्रहरीले देखे पनि नजरअन्दाज गर्ने प्रवृत्ति हुन्छ ।

पर्सा प्रहरीले मात्र ३ वर्षयता बरामद गरेको लागूऔषधमा सर्वाधिक परिमाण गाँजाकै छ । चालु आवमा ३ सय ९२ किलो गाँजा बरामद गरेको छ । यसको कारोबार र ढुवानीमा संलग्न २३ पुरूष र २ महिला गरी २५ जना पक्राउ परिसकेका छन् । गत आवमा ७ सय १७ किलो र अघिल्लो आवमा ३ सय ४८ किलो गाँजा बरामद गरिएको थियो ।

लागूऔषध कारोबारमा संलग्नहरू घर छाडेरै भाग्ने, लुकिछिपी बस्ने गर्दा दण्डहीनता बढ्ने भएकाले कानून बमोजिम नै लागूऔषध कारोबारीको घरजग्गा नै जफत गर्न थालिएको छ । भने अर्का तीर गाँजा खेतीलाई वैज्ञानिकता दिनुपर्ने माग संसदमा चलिरहेको छ ।

अमेरिकामा क्यान्सरका विरामीलाई पीडा कम गराउन गाँजाको प्रयोग गर्न दिइन्छ । स्पेन, नेदरल्यान्ड्स, पोर्चुगल, स्लोभेनिया, जमाइका, चिली, पेरू, कोलम्बिया, इक्वेडर र लक्जेम्बर्गले पनि व्यक्तिगत रूपमा गाँजाको प्रयोग सम्बन्धी कानून खुकुलो पारेका छन् । इजरायल, अर्जेन्टिना, पोर्टोरिको, पनामा, मेक्सिको, टर्की, जाम्बिया र जिम्बाबेमा औषधीय रूपमा गाँजा खुला छ । बेलायतले पनि गाँजाको औषधीय प्रयोग खुला गर्नेबारे छलफल थालेको छ ।

प्रतिबन्धित लागूऔषधमा सूचीकृत गाँजा औषधिका रूपमा प्रयोग गर्न सकिने वैज्ञानिक अनुसन्धानबाट पुष्टि भएपछि विभिन्न मुलुकले प्रतिबन्ध हटाउने अभियान शुरू गरेका छन । अमेरिकी राज्यहरूमा करीब ११ वर्ष लगाएर गरिएको अध्ययनले दुखाइ कम गर्ने अन्य औषधि (पेन किलर) का तुलनामा गाँजाको गुणस्तर सबल देखाएको थियो । अध्ययन प्रतिवेदन उद्धृत गर्दै न्यूयोर्क टाइम्समा प्रकाशित विवरण अनुसार, दुखाइ कम गर्ने अन्य औषधि अत्यधिक सेवन गर्दा बिरामीको मृत्युको सम्भावना ४० प्रतिशतभन्दा बढी पाइएको, तर गाँजा सेवनले मृत्युदर २५ प्रतिशतमा झरेको उल्लेख छ । अमेरिकाको स्ट्यान्फोर्ड विश्वविद्यालयका वैज्ञानिकले गरेको एउटा शोधले शरीरमा क्यान्सरका कोष मार्न तथा लागूऔषध र रक्सीको लत छुटाउन गाँजा प्रभावकारी हुने देखाएको छ ।

नेपालमा कुनै बेला परम्परागत रूपमै गाँजाबाट बनाइएको आयुर्वेदिक औषधि प्रयोग हुन्थ्यो । आयुर्वेदमा 'विजया' भनिने गाँजाबाट निर्मित औषधि अनिद्रा, नाकबाट पानी बग्ने, शीघ्र स्खलन, झाडापखाला, अत्यधिक पीडा, मानसिक रोग जस्ता समस्यामा प्रयोग हुने गरेको सिंहदरबार वैद्यखानाको अभिलेखमा देखिन्छ । बिरामी लठ्याउन वा पीडा कम गर्न 'एनेस्थेसिक' वा 'एनाल्जेसिक' औषधि नभएको त्यो बेला गाँजाकै प्रयोग गरिन्थ्यो । तर, गाँजा प्रतिबन्धित भएसँगै वैद्यखानाले पनि यस्ता औषधि उत्पादन गर्न छाड्यो ।

विकसित मुलुकहरूले गाँजाको प्रयोग मात्र खुला गरिरहेका छैनन्, यसको उत्पादन र निर्यातबाट अर्थतन्त्र उकास्ने योजना पनि अघि सार्दै छन् । अष्ट्रेलियाले गत वर्ष गाँजाबाट बनेका औषधि निर्यात गर्ने घोषणा गरेको छ । प्रतिबन्धित लागूऔषध, गाँजाको औषधीय गुण र आर्थिक सम्भावना चिनेर विकसित मुलुकहरू धमाधम 'गाँजा-युग' मा फर्किरहँदा नेपालमा पनि यसलाई खुला गर्नुपर्ने बहस स्वभाविक नै छ । *(मधेश दर्पण फिचर सेवा)*

# रेडक्रस अनियमितता प्रकरण : उजुरी नपर्दा ठगी मुद्दा अघि बढेन

काठमडौँ, ८ फागुन (रासस) ।

नेपाल रेडक्रम सोसाइटीका पदाधिकारीले आर्थिक हिनामिना र अनियमितता गरेको भन्ने विषयमा जाहेरी नपर्दा ठगी मुद्दा अघि बढ्न सकेको छैन । जिल्ला प्रशासन कार्यालय, काठमाडौँ, संसदीय समिति, प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) हुँदै अहिले महानगरीय प्रहरी परिसर काठमाडौँ पुगेको उक्त मुद्दा उजुरी कै अभावमा अघि बढ्न नसकेको हो ।

सीआईबी स्रोतका अनुसार रेडक्रस पदाधिकारीलाई ठगीमा कानुनी प्रक्रिया अघि बढाउन चुनौती देखिएको बताइएको छ । सीआईबीका एक अनुसन्धान अधिकृतले केही हिनामिना भएको देखिए पनि ठगी नै भएको भनेर प्रतिवेदनमा यकिन नगरिएको जानकारी दिनुभयो । उक्त मुद्दा अघि बढाउन सीआईबीले महानगरीय प्रहरी परिसरलाई प्रतिवेदनसहित पठाएको छ । परिसरका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक उत्तमराज सुवेदीले मुद्दाको अनुसन्धान जारी रहेको जानकारी दिनुभयो । अनुसन्धान अधिकृतहरूका अनुसार कारवाहीका लागि कानूनको समेत अभाव छ ।

भक्तपुरस्थित जग्गा खरिद सम्बन्धमा भएको भनिएको अनियमितताबारे अध्ययन गरेको सीआईबीका प्रमुख प्रहरी नायब महानिरीक्षक नीरजबहादुर शाहीले भन्नुभयो, "ठगी मुद्दा लैजानका लागि जाहेरी दरखास्त लिनुपर्ने हुन्छ, जाहेरी नपर्दासम्म ठगी मुद्दा अघि बढाउन सकिँदैन, परिसरलाई जाहेरी दरखास्त लिएर मुद्दा अघि बढाउन भनेका छौँ ।" प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोले गत जेठ ३१ गते नै सरकारलाई प्रतिवेदन बुझाइसकेको छ ।

मानवता, निष्पक्षता, तटस्थता, स्वाधिनता, स्वयंसेवा, विश्वव्यापकता र एकताको सिद्धान्तलाई आत्मसात् गरी अघि बढेको संस्थाका पदाधिकारीप्रति आर्थिक अनियमितताको आरोपका कारण उसको अधिवेशनसमेत हुनसकेको छैन । प्रतिनिधिसभाको राज्य व्यावस्था तथा सुशासन समितिमा समेत अनियमितता गरेको भन्दै उजुरी परेको छ । समितिले उपसमिति नै बनाएर अध्ययन गरेको थियो । अनियमितता भएको उपसमितिको ठहर छ । सांसदहरूले अनियमिततामा संलग्न पदाधिकारीलाई कारवाहीको माग गर्दै आएका छन् । समितिले रेडक्रसले कानुनको पालना नगरेको ठहर गर्दै कारवाही अघि बढाउन बिहीबार मात्रै गृह मन्त्रालयलाई निर्देशनसमेत दिएको छ । कानून नभए कानून बनाएरै पनि कारवाही अघि बढाउन समितिले भनेको छ ।

जिल्ला प्रशासन कार्यालय काठमाडौँले गरेको छानबिनमा रेडक्रसको कैफियत भेटिएको जानकारी दिँदै तत्कालीन प्रमुख जिल्ला अधिकारी रामप्रसाद आचार्य रेडक्रसलाई कारवाहीको दायरामा ल्याउनैपर्ने बताउनुहुन्छ । संस्थाको विधान संशोधन र वैदेशिक सहायताको रकम भित्र्याउने क्रममा कानुनको पालना नगरेको, भूकम्पका बेला आएको सहयोग सदुपयोग नगरेको र थाई रेडक्रसबाट पठाएको रकमसमेत हिनामिना गरेको पाइएको आचार्यले बताउनुभयो । उहाँका अनुसार भक्तपुरमा जग्गा

*बाँकी अन्तिम पृष्ठमा*

# जब विमानस्थलमा भेटिइन् पर्यटन परी (रोबोट)

काठमाडौँ, ८ फागुन (रासस)।

नमस्कार ! 'त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको सेवामा यहाँलाई हार्दिक स्वागत छ'। झट्ट सुन्दा यो कुनै कुशल सञ्चालकले सञ्चालन गरेको कार्यक्रम झैँ लाग्छ। त्यस्तो झल्को पनि दिन्छ। यथार्थमा भने यो कुनै कुशल सञ्चालक नभएर मानवरहित यन्त्र अर्थात् रोबोट थियो।

साँच्चिकै उद्घोषिकाले जस्तै गरी कार्यक्रम सञ्चालन गरिरहेको त्यो दृश्यले विमानस्थलमा उपस्थित सबैको ध्यान खिच्यो। सेलीब्रेटी रोबोटसँग फोटो र सेल्फी खिच्नेको भिडै लाग्यो। संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री पनि दुई रोबोट पर्यटन परीसँग तस्बिर लिन अघि सर्नुभयो। उक्त क्षणको त्यहाँ उपस्थित फोटो पत्रकारले तस्बिर कैद गर्ने होडबाजी चल्यो।

अन्तर्राष्ट्रिय विमानस्थलमा बिहीबारको दृश्य अलिक फरक थियो। पर्यटन परी नाम दिइएका दुई रोबोटले विमानस्थलमा आउने पाहुनालाई स्वागत गर्न तम्तयार देखिन्थे। त्यतिमात्रै हैन रोबोटले कार्यक्रम सञ्चालन गरेको दृश्य झनै रोचक बन्यो।

विदेशी पर्यटक तथा स्वदेशी जो कोहीलाई विमानस्थलको आवश्यक सेवा र नेपालको पर्यटकीय गन्तव्यबारे भरपुर जानकारी दिन रोबोटले भूमिका निर्वाह गर्नेछन्। पर्यटनमन्त्री भट्टराईले आज एक कार्यक्रमबीच विमानस्थलमा दुई रोबोटको सेवा शुभारम्भ गर्नुभयो।

पाइला टेक्नोलोजी प्रालिले दुई रोबोट निर्माण गरी अन्तर्राष्ट्रिय विमानस्थलमा सेवा शुरु गरेको हो। नेपालकै प्राविधिक र प्राविधिक जनशक्तिबाट तयार गरिएको रोबोटले विमानस्थलको सेवालाई स्तरीय पार्ने मात्रै नभई नेपाल प्रविधिका क्षेत्रमा अग्रसर भइरहेको सन्देश प्रवाह गर्न सहयोग पुग्ने देखिन्छ।

अन्य विकसित मुलुकको तुलनामा नेपालको प्रविधिले फड्को मारेको सन्देश विश्वलाई प्रवाह गर्न यो सेवाले सहयोग पुग्ने नेपाल भ्रमण वर्ष सचिवालयका उपसचिव राजन पौडेल बताउनुहुन्छ। उहाँले नेपाल भ्रमण वर्षलाई सहयोग गर्ने तथा सरकारको डिजिटल नेपालको अवधारणालाई साकार पार्दै नेपाल प्रविधिलाई जोड दिन चाहन्छ भन्ने सन्देश दिन सहयोगसिद्ध हुने उल्लेख गर्नुभयो।

पाइला टेक्नोलोजीका संस्थापक कार्यकारी निर्देशक आयुश कँसजुले विमानस्थलमा पुग्ने पर्यटक तथा सर्वसाधारणलाई आवश्यक पर्यटकीय सूचनासाथै विमानस्थलका विविध सेवाको जानकारी उपलब्ध गराउने उद्देश्यले रोबोट स्थापना गरिएको बताउनुभयो।

भ्रमण वर्षका सन्दर्भमा नेपालका कुनै पर्यटकीय गन्तव्य, पदयात्रा लगायतको सेवाको जानकारी रोबोटले दिनेछ। मानिसको सहायता लिनुपर्दैन। साथै विमानस्थलमा यात्रुले ब्यागेज काउण्टर, बैंक, सूचना केन्द्र, शौचालय आदि विषयमा जानकारी दिनेछ। नेपालमै पहिलो पटक प्रविधिको प्रयोग गरी जडान गरिएको यो रोबोटले अगाडि आउने र पछाडि जाने गतिविधि गर्छ। विमानस्थलले उपलब्ध गराएको जानकारी र तथ्याङ्कका आधारमा यसले सेवा दिन्छ। पर्यटक शुरुमा विमानस्थल पुग्दा रोबोटको सेन्सरका आधारमा नमस्कार गर्छ। दुवै हात जोडेरै नमस्कार गर्छ।

सेवा क्षेत्रमा प्रयोग गर्ने उद्देश्यले पाइला कम्पनीले सन् २०१७ देखि बैंकिङ तथा रेस्टुराँ क्षेत्रबाट शुरु गरिएको उहाँले उल्लेख गर्नुभयो। कम्पनीले पहिलो पटक नेपाल एसबिआइ बैंकमा रोबोट सेवा दिएको थियो। दरबारमार्गस्थित नौलो रेस्टुराँमा रोबोटले सेवा दिन्छ। सन् २०१८ देखि यहाँ रोबोट सेवा शुरु गरिएको थियो।

पर्यटन मन्त्रालय, नेपाल पर्यटन बोर्ड, नेपाल भ्रमण वर्ष सचिवालय र नेपाल नागरिक उड्डयन प्राधिकरणको प्रयासमा विमानस्थलमा रोबोट सेवा शुरु गरिएको हो। दुवै रोबोटको लागत करिब रु २० लाख रहेको बताइएको छ। विमानस्थलको आगमन र प्रस्थान कक्षमा सो रोबोट राखिनेछ।

रोबोटले नेपाली, अङ्ग्रेजी र चिनियाँ भाषामा कुरा गर्नसक्ने र विमानस्थलमा अलमलमा परेका यात्रु तथा सेवाग्राहीलाई सेवा दिनेछ। यो रोबोटसँग दोहोरो संवाद गर्न सकिन्छ। सेन्सरका आधारमा व्यक्तिलाई पहिचान गर्ने र डिजिटल प्रविधिका आधारमा कुनै व्यक्तिले सोध्न वा जान्न चाहेको विषयवस्तुको जानकारी दिनेछ।

नेपालको अध्यागमन प्रणालीलाई व्यवस्थित र वैज्ञानिक बनाउन विमानस्थलमा अध्यागमन विभागबाट विकास गरिएको नेपालको 'पोर्ट' नामक अध्यागमन सूचना प्रणाली एवं भौतिक पूर्वाधारसहितको अत्याधुनिक अध्यागमन सेवाले विमानस्थलको आधुनिक प्रणालीको सुधारलाई झल्काउँछ। उक्त सेवाको गत माघ १३ गते प्रधानमन्त्री केपी शर्मा ओलीले उद्घाटन गर्नुभएको थियो।

अन्तर्राष्ट्रिय विमानस्थललाई बुटिकका रुपमा रुपान्तरण गर्ने काम पनि धमाधम भइरहेको छ। यसले विमानस्थलको स्वरुपलाई नयाँपन दिएको छ। विमानस्थलको सेवालाई आधुनिक र अन्तर्राष्ट्रियस्तरको बनाउने काम निरन्तर भइरहेको विमानस्थलका महाप्रबन्धक देवेन्द्र केसीले बताउनुभयो।

पर्यटनमन्त्री भट्टराईले विमानस्थलको सेवालाई आधुनिक र विश्वस्तरीय बनाउन क्रमशः सेवा विस्तारका क्रममा रोबोट सेवा एक महत्वपूर्ण प्रयोग भएको उल्लेख गर्नुभयो। "अन्तर्राष्ट्रिय विमानस्थल अझै आधुनिक र प्रविधियुक्त हुँदैछ। यात्रुलाई प्रदान गर्ने सेवा र सुविधाको हिसाबले सहयोग बढ्दै गएको छ त्यसको पछिल्लो उदाहरण रोबोट सेवा शुभारम्भ हो", उहाँले भन्नुभयो। अहिले परीक्षणका रुपमा शुरु गरिएको यो सेवालाई उपयुक्त ठानिएमा अन्य विमानस्थलमा स्थापित गरिने उहाँको भनाइ थियो।

रोबोटले विमानस्थलको सेवालाई थप स्तरीय बनाएको छ। विमानस्थलको अध्यागमन सेवाको अत्याधुनिक प्रविधिको प्रयोग तथा सरसफाइ र सेवासुविधालाई बढाउँदै लैजाने मन्त्री भट्टराईको भनाइ थियो।

उहाँले अझै स्थानको अभाव र कतिपय प्राविधिक समस्याका कारण विमानस्थलले प्रभावकारी सुविधा दिन नसकेको भन्दै छिट्टै सञ्चालनमा आउने गरी निर्माण भइरहेका विमानस्थलको सेवालाई चुस्त र दुरुस्त पारिने उल्लेख गर्नुभयो। रोबोटले कसरी काम गर्छ भनेर डेमो प्रदर्शनीसमेत गरिएको थियो।

# एड्स सङ्क्रमित बालबालिकाको शिक्षाबारेको आदेश बल्ल कार्यान्वयन

काठमाडौँ, ८ फागुन (रासस)।

एचआइभी एड्स सङ्क्रमित बालबालिकालाई विद्यालयमा बहिष्कारको व्यवहार गरेको कार्य पाइए कानूनी कारवाही गराउन १० वर्षअघि सर्वोच्च अदालतबाट भएको आदेश बल्ल कार्यान्वयनमा आएको छ।

अदालतले विद्यालयमा अध्ययनरत बालबालिका तथा विद्यालय बाहिर रहेका बालबालिकाले स्वतस्फूर्तरुपमा समान व्यवहार र शैक्षिक अवसर प्राप्त गर्नु उनीहरुको नैसर्गिक अधिकार रहेको भनी २०६७ असोज १५ मा उक्त आदेश गरेको थियो। सो आदेशको कार्यान्वयनका लागि गत माघ २१ गते शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले शिक्षा तथा मानव स्रोत विकास केन्द्रलाई निर्देशन दिएपछि यही फागुन ७ गते केन्द्रले सबै विद्यालयलाई पत्राचार गरेको केन्द्रका निर्देशक गेहनाथ गौतमले जानकारी दिनुभयो।

नेपालको संविधानको मौलिक हकमा बालबालिकालाई कुनै पनि प्रकारको भेदभाव नगरिने र उनीहरुको शिक्षा, पोषण र स्वास्थ्यको समेत संविधानले संरक्षण गर्न भनेको छ। बालबालिकासम्बन्धी ऐन, २०७४ ले बालबालिकाविरुद्ध त्यस्तो कार्य गर्नेलाई कानूनी कारवाही गर्ने उल्लेख छ। "उक्त आदेश कार्यान्वयन गर्नु, गराउनु हामी सबैको कर्तव्य भएकाले आवश्यक समन्वय, सहकार्य र साझेदारीमा विद्यालय तथा समुदायमा बालमैत्री वातावरण बनाउन आवश्यक व्यवस्था मिलाउन अनुरोध छ", पत्रमा भनिएको छ।

शिक्षा मन्त्रालय, सातै प्रदेशका सामाजिक विकास मन्त्रालय र सबै स्थानीय तहलाई बोधार्थ दिइ सबै विद्यालयलाई पठाइएको पत्रमा अदालतको आदेश उल्लेख गर्दै भनिएको छ, "तसर्थ यस्तो काम कारवाहीमा मन्त्रालयले आवश्यक ठाने अन्य सरोकारवालासँग समेत परामर्श, सोधपुछ गरी उल्लेखित क्रियाकलाप गर्ने विद्यालयलाई कानूनबमोजिम आवश्यक कारवाही गर्नु, यसरी भेदभाव गर्ने र निर्दोष बालबालिकालाई घृणा र भेदभाव गरी बालबालिको हक हनन गर्ने कार्यलाई रोकथाम गर्ने र कानून नभए प्रभावकारी कानूनसमेत बनाउनु।"

"एचआइभी एड्न लाग्नुमा बालबालिकाको आफ्नो कुनै दोष हुँदैन, सङ्क्रमित बाबुआमाका कारण असुरक्षित यौन सम्बन्ध आदि कारणबाट प्राप्त हुने रोग हो, यो रोग बालबालिकामा वंशानुगत हिसाबले आउने हुँदा यो सरुवा रोग होइन भन्ने वैज्ञानिक परीक्षण समेतबाट प्रमाणित भइसकेको छ", आदेशमा भनिएको छ, "जुठो खाँदा वा चुम्बनबाट समेत यो रोग नसर्ने भए तापनि यसबारे समाजमा भिन्न धारणा रहेकाले बालबालिका अध्ययनरत हुने विद्यालयमा एचआइभी एड्स सङ्क्रमित भएका बालबालिका अध्ययन गर्दैमा रोग सर्दैन भन्ने वैज्ञानिक परीक्षणबाट पुष्टि भइसकेको हुँदा यस सम्बन्धमा व्यापक जनचेतना जागृत गराउन आवश्यक देखिएको हुँदा प्रभावकारी कार्यक्रम र रणनीति तयार गरी कार्यान्वयन गर्नु।"

सर्वोच्च अदालतको सो आदेशमा बालबालिकाको शिक्षा, स्वास्थ्य, रोजगारीलगायतका हक सङ्क्रमित बालबालिकालाई बहिष्कार गर्ने स्कूल एवं कार्यस्थललगायत सबै प्रकारका बहिष्कारको पीडित हुने कार्यको रोकथाम र नियन्त्रण गर्ने प्रभावकारी नीति, रकम, पूर्वाधार र कानूनी व्यवस्था गर्नु भनी सो निर्देशनात्मक आदेश भएको थियो।

सामुदायिक विद्यालय व्यवस्थापन समिति राष्ट्रिय महासङ्घका अध्यक्ष कृष्ण थापाले विद्यालयमा लैङ्गिक, जातीय, क्षेत्रीय र अन्य भेदभाव कायमै रहेको स्थितिमा अदालत र सम्बधित सरकारी निकायबाट निर्देशक आउनु सकारात्मक रहेको बताउनुभयो। उहाँले आफूहरुले त्यसरी त्यस्ता बालबालिकालाई बहिष्करण गर्ने प्रवृत्तिविरुद्ध जनचेतनासमेत सञ्चालन गर्दै आएको जनाउनुभयो।

## विश्व समाचार

### कोरोना भाइरसबाट चीनमा मृत्यु हुने व्यक्तिको सङ्ख्या दुई हजार १ सय १८

बेइजिङ, ८ फागुन (रासस/एपी)।

कोरोना भाइरसको सङ्क्रमणबाट चीनभरी मृत्यु हुने व्यक्तिको सङ्ख्या दुई हजार ११८ पुगेको चिनियाँ स्वास्थ्य अधिकारीले बिहीबार जनाएका छन्। गत वर्षको अन्त्यमा चीनको हुबेई प्रान्तको उहान सहरबाट शुरु भएको यस भाइरसका कारण मृत्यु हुने व्यक्तिको सङ्ख्या वृद्धि भए तापनि सङ्क्रमितको सङ्ख्यामा भने कमि आएको चिनियाँ सरकारले जनाएको छ। गत मङ्गलबार एकै दिनमा यस भाइरसको सङ्क्रमणका कारण १३६ जनाको मृत्यु भएको एपी समाचार समितिले बुधबार जनाएको थियो। बुधबारको दिन यस भाइरस सङ्क्रमणको कारण ११४ जनाको मत्यु भएपछि यस प्रकोपबाट मृत्यु हुनेको सङ्ख्या दुई हजार ११८ पुगेको समाचारमा जनाइएको छ।

बिहीबार प्राप्त एक समाचारअनुसार यस भाइरसबाट चीनभरीमा मृत्यु हुने व्यक्तिको सङ्ख्या दुई हजार ११८ पुग्नुको साथै ७४ हजार ५७६ व्यक्ति सङ्क्रमित भएका छन्। यस भाइरसको प्रकोप नियन्त्रणका लागि विश्वका नेताले चीनलाई साथ दिने प्रतिवद्धता जनाउँदै आएका छन्। संयुक्त राष्ट्रसङ्घ, विश्व स्वास्थ्य सङ्गठन, युरोपेली युनियनसहित विश्वका नेताले पनि यो सङ्क्रमणको नियन्त्रणमा चीनलाई सघाउने प्रतिवद्धता व्यक्त गरेका छन्।

भाइरसको शुरुआत भएको प्रमुख स्थानका रूपमा रहेको हुबेई प्रान्तमा यस भाइरसबाट बढी नागरिक प्रभावित छन्। यस भाइरसबाट ८० प्रतिशत सङ्क्रमित र मृत्यु हुने व्यक्तिमा ९५ प्रतिशत हुबेइ प्रान्तको रहेका समाचारमा जनाइएको छ।

### दक्षिण कोरियामा कोरोनाको त्रास, २५ लाख मानिसलाई घरभित्र बस्न आग्रह

सियोल, ८ फागुन (रासस/एपी)।

दक्षिण कोरियाली डाइगुका मेयर क्वोन योङ-जीनले नगर क्षेत्रमा प्राणघातक कोरोना जीवाणुको सङ्क्रमण देखिन थालेको भन्दै नगर क्षेत्रका २५ लाख मानिसलाई घरभित्रै बस्न बिहीबार आग्रह गर्नु भएको छ। उहाँले कोरोना विरुद्ध लड्न केन्द्रीय सरकारसँग आग्रह पनि गर्नु भएको छ।

दक्षिण कोरियाको दक्षिणपूर्वमा रहेको यस डाइगु नगर क्षेत्रमा बिहीबार मात्र थप ३५ जनामा कोरोना जीवाणुको सङ्क्रमण देखिएको थियो। टेलिभिजनबाट प्रत्यक्ष प्रशारण गरिएको पत्रकार सम्मेलनमा मेयर क्वोनले सम्भव भए घरभित्र पनि मास्क लगाएर बस्न आग्रह गर्नुभयो।

कोरियाली सङ्क्रामक रोग नियन्त्रण एवम् रोकथाम केन्द्र (केसीडीसी)ले ३५ जना नयाँ बिरामीमध्ये २८ जना हालैमात्र चर्चमा गएका व्यक्ति रहेको जनाएको छ। उक्त चर्चमा एक जना कोरोना सङ्क्रमित व्यक्ति पनि सहभागी भएका थिए। केसीडीसीका अधिकारीले विदेश भ्रमण नगरेकी ६० वर्ष हाराहारीकी ती दक्षिण कोरियाली महिलामा कोरोना सङ्क्रमण देखिएको थियो।

बुधबार नगर कार्यालयले १३ जनामा कोरोना जीवाणु सङ्क्रमित भएको जनाएको थियो। तीमध्ये ११ जना तिनै महिला सहभागी रहेको चर्चको कार्यक्रममा भेला भएका थिए वा अस्पतालमा ती महिलाबाट अरुमा सङ्क्रमण भएको थियो।

दक्षिण कोरियामा हालसम्म ८२ जनामा कोरोना जीवाणुको सङ्क्रमण देखिएको छ। दक्षिण कोरियाली राष्ट्रपतिको कार्यालयका अनुसार मेयर क्वोनसँगको टेलिफोन कुराकानीमा राष्ट्रपति मून जाए-इनले कोरोना जीवाणुको थप सङ्क्रमण रोक्न सम्पूर्ण सहयोग गर्ने बताउनुभएको थियो। कोरोना जीवाणुको सङ्क्रमण बढ्न थालेसँगै डाइगु नगरका सडक सुनसान हुनथालेको दक्षिण कोरियाली समाचार संस्था योनहापले जनाएको छ।

### जर्मनीको दुईवटा बारमा गोली चल्यो, नौ जनाको मृत्यु

हनाउ, जर्मनी, ८ फागुन (रासस/एएफपी)।

जर्मनको हनाउस्थित दुईवटा शिशा बारमा बिहीबार राति भएको गोलीकाण्डमा कम्तीमा नौ जनाको मृत्यु भएको छ। उक्त गोलीकाण्डका मुख्य व्यक्तिलाई बिहीबार बिहान प्रहरीले उनकै घरमा मृत अवस्थामा फेला पारेको छ। फ्रान्कफर्टबाट करिब २० किलोमिटरको दूरीमा रहेको हनाउ शहरका "मिडनाइड" र "एरेना" नाम गरेका दुई वटा बारमा गोली प्रहार गरिएको थियो। उक्त गोलीकाण्डको खबर प्राप्त हुनासाथ प्रहरी घटनास्थलमा पुग्नुका साथै आकाशबाट हेलिकप्टरमार्फत शंकास्पद व्यक्तिको खोजी गरिएको थियो।

हेस राज्यका प्रहरी प्रमुखले शंकास्पद व्यक्तिको शव उनको घरबाट बरामद गरिएको जानकारी दिनुभयो। उहाँले घटनामा अरु व्यक्ति सङ्लग्न रहे नरहेको बारेमा अनुसन्धान भइरहेको बताउनुभयो। पहिलो बारमा मारिएका अधिकांश व्यक्ति कुर्दिस समुदायका रहेको स्थानीय अखबार बिल्डले जनाएको छ।

गत सोमबार मात्र प्रहरीले जर्मनीको अति दक्षिणपन्थी समूहका १२ जना सदस्यलाई पक्राउ गरेको थियो। उनीहरुले गत वर्ष न्यूजील्यान्डमा भएझैं मुस्लिम समुदायको मस्जिदमा ठूलै आक्रमण गर्ने योजना बनाइरहेको प्रहरीको भनाइ छ। जर्मन-टर्किस इस्लामिक सङ्गठन (डिटिब)ले जर्मनीमा रहेका करिब ९०० मस्जिद र मुस्लिम समुदायको सुरक्षाका लागि आह्वान गरेको छ। डिटिबले पछिल्ला वर्षमा मुस्लिम समुदायले जर्मनीमा असुरक्षा महसुस गरिरहेको भन्दै चिन्ता व्यक्त गरेको छ।

# क्लबद्वारा स्वास्थ्य चौकीमा औषधी सहयोग



**दैनिक समाचारदाता**
**राजविराज, ८ फागुन ।**

धर्मी हल्फा महिला विकास क्लव सप्तरीले बिहीबार एक कार्यक्रमको आयोजना गरि जिल्लाको छिन्नमस्ता गाउँपालिकास्थित स्वास्थ्य चौकी सखडालाई औषधी सहयोग गरेको छ ।

क्लबले बीस बर्षभन्दा बढी समयदेखि सराहनीय सेवा प्रदान गर्दै आएका सिअहेब छैठौ तहका अजय कुमार झा र मानेश्वर प्रसाद चौधरीलाई गम्छा तथा माला लगाएर सम्मान पत्रसहित सम्मानित समेत गरेको क्लबका अध्यक्ष एवं समाजसेवी सूर्यनारायण यादवले जानकारी दिएका छन् ।

यस्तै साबिक छिन्नमस्ता गाबिसका ९ वटै वडाका महिला स्वास्थ्य स्वमसेविकाहरूलाई सम्मान गर्नुका साथै क्लवले उनीहरुलाई एक/एक थान ग्लास पनि प्रदान गरेको उनले बताए ।

स्वास्थ्य चौकीको स्वास्थ्य व्यवस्थापन समितिका उपाध्यक्ष जिबन यादवको अध्यक्षता तथा छिन्नमस्ता गाउपालिका वडा नं. ३ का अध्यक्ष दिपेन्द्र कुमार यादवको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा पत्रकार शुभ नारायण यादब, वडा सदस्य सरिक मियाँ, छिन्नमस्ता गाउपालिकाका स्वास्थ्य शाखा प्रमुख मदनेश्वर चौधरी, स्वास्थ्य चौकीको प्रमुख अजय कुमार झा लगायतका वक्ताहरुले क्लवले गरेको सहयोग र सम्मान सराहनी र अनुकरणीय भएको विचार व्यक्त गरेका थिए ।

# भन्सार छलेका सामान बरामद

**दैनिक समाचारदाता**
**सिरहा, ८ फागुन ।**

सिरहाको गोलबजार नगरपालिका ४ स्थित ईलाका प्रहरी कार्यालय गोलबजारसिरहाबाट खटिएको प्रहरी टोलीले चेकजाँचका क्रममा भन्सार छलेका किरानाका सामानहरु बरामद गरेको छ ।



भारतबाट भन्सार छली नेपालतर्फ ल्याउँदै गरेको नब्बे हजार मुल्य बराबरको किराना सामानहरु नियन्त्रणमा लिएको हो । बरामद गरिएका सामानहरु आवश्यक कारवाहीको लागी भन्सार कार्यालय ठाडी सिरहा पठाइएको छ ।

यस्तै प्रहरीले सिरहा नवराजपुर गाँउपालिक २ मझौराबाट प्रहरी टोलीले दुई वटा मोटरसाईकल चेकजाँच गर्दा भारतबाट भन्सार छली नेपालतर्फ ल्याउदै गरेको लत्ताकपडा नियन्त्रणमा लिएको छ ।

अन्दाजी ७३ हजार एक सय र दुबै वटा मोटरसाईकलको मुल्य गरि १ लाख १० हजार गरी जम्मा एक लाख ८३ हजार एक सय बराबरको सामान नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागी भन्सार कार्यालय ठाडी, सिरहामा बुझाएको छ ।

# घरेलु मदिरा बरामदपछि नष्ट



**दैनिक समाचारदाता**
**सिरहा, ८ फागुन ।**

सिरहाको प्रहरीले विभिन्न स्थानबाट १ सय १० लिटर घरेलु मदिराका साथै १ हजार ३ सय मदिरा बनाउन प्रयोग गरिने कच्चा पदार्थ नियन्त्रणमा लिएको छ ।

ईलाका प्रहरी कार्यालय नरहा प्रहरी चौकी, चौकी बेल्हा र प्रहरी चौकी कर्जन्हासिरहाबाट खटिएको प्रहरी गस्ती टोलीले नरहा ४, सिरहा नगरपालिका १२ सारश्वर र कर्जन्हा नगरपालिका ११ नहर चौकबाट लुकाई छिपाई राखिएको उक्त घरेलु सामाग्रिह नियनत्रणम ालिएको जनाएको छ ।

यता नियन्त्रणमा लिइएको मदिरा तथा अन्य सामाग्रिहलाई स्थानियलगायत वडा अध्यक्षसहितको रोहबरमा नष्ट समेत गरेको छ ।

# शिब्स र म्याक्सेल सेमिफाईनलमा प्रवेश




**दैनिक समाचारदाता**
**राजविराज, ८ फागुन ।**

राजबिराजमा संचालित अन्तर बिद्यालय त्रिकेट प्रतियोगिता अन्तरगत बिहीबार सम्पन्न खेलमा शिब्स र म्याक्सेल स्कुल सेमिफाईनलमा प्रवेश गरेका छन ।

सप्तरी क्रिकेट बिकास प्रतिष्ठान द्वारा आयोजित उक्त प्रतियोगिताको बिहिवार सम्पन्न पहिलो खेलमा म्याक्सेलले प्रिमियर स्कुललाई ९ बिकेटले पराजित गरेको छ भने दोस्रो खेलमा शिब्सले नरेन्द्र माबि बोरियालाई पराजित गर्दै सेमिफाईनलमा प्रवेश गरेको हो ।

पहिलो खेलमा टस जितेर प्रिमियर स्कुलले निर्धारित २० ओभरको खेलमा सबै बिकेट गुमाई ८९ रनको योगफल खडा गरेका थिए । जसमा मोहम्मद आलमले १५ रन बनाउनु बाहेक अरू कुनै खेलाडीले दोहोरो अंक पार गर्न सकेन ।

बलिङ तर्फ म्याक्सेलका धिरेन्द्र साहले ४ बिकेट, रोहन बिक २, असन जमालले १ बिकेट हात पारेका थिए । प्रतिउतरमा म्याक्सेलले ८.१ ओभरमा १ बिकेट गुमाई लक्ष्य पार गरेका थिए ।

जसमा टिमका लागि रोहन बिक ५२ रन र सौरब भुजेल १८ अविजित तथा मोहम्मद सकिमले ११ रन बनाउदै अविजित रहेका थिए । सो खेलमा म्यान अफ द म्याच म्याक्सेलका धिरेन्द्र साह घोषित भएको आयोजक समितिले जनाएको छ ।

यसैगरी दोस्रो खेलमा टस जितेर शिब्स स्कुलले निर्धार्ति २० ओभरमा ७ बिकेट गुमाएर १ सय ४३ रनको योगफल खडा गरेका थिए । जसमा टिमका लागि भिक्टर रायले ४० रन, मनिष यादब २२ राज बर्मा २१ र कमल मण्डलले १४ रन बनाएका थिए ।

बलिङ तर्फ नरेन्द्र स्कुल बोरियाका आदित्य चौधरी ३, पवन मण्डल २ र रबिन्द्र यादब १ बिकेट हात पारेका थिए । प्रतिउतरमा शिब्सले ९ ओभर ५ वलमा सबै बिकेट गुमाई ६८ रनमै समिति रहे । टिमका लागि अखिलेश यादब २७, असोक यादब १५ रन बनाए पनि जितको लागि प्रयाप्त भएन ।

बलिङ तर्फ शिब्सका राज बर्मा र गोपाल मण्डल ३र३ बिकेट तथा निरज यादब, २ अजय यादब र बिशाल यादब १र१ बिकेट हात पारेका थिए । खेलको म्यान अफ द म्याच शिब्सका राज बर्मा घोषित भएको आयोजक समितिले जनाएको छ ।

शुक्रबारको पहिलो सेमिफाईनल खेल म्याक्सेल र केअ राजबिराज तथा दोस्रो खेल दुर्गा स्कुल र शिब्स स्कुल बिच हुने आयोजकले जनाएको छ ।

## *रेडक्रस अनियमितता ...*

खरिदमा दिइएको भुक्तानी र जग्गावाला किसानले प्राप्त गरेको पैसाको आधा रकम फरक परेको अध्ययनमा देखिएको छ । भक्तपुरमा पाँच रोपनी १३ आना जग्गा रु छ करोड ३२ लाख ८१ हजारमा खरिद गरिएको थियो ।

सामाजिक संस्थाको रूपमा दर्ता भएको नेपाल रेडक्रस सोसाइटीले मुलुकमा दर्ता भएका अन्य ५१ हजार संस्थाले झै कानूनको पालना गर्नुपर्नेमा त्यसको पालना नभएको प्रसासन कार्यालयले जनाएको छ । नेपाल रेडक्रम सोसाइटी विसं २०२१ सालमा संस्था दर्ता ऐन २०१६ बमोजिम दर्ता भएको थियो । संस्था दर्ता ऐन २०३४ जारी भएपछि सोसाइटी त्यहाँ दर्ता भएको थियो । जिल्ला प्रशासन कार्यालय काठमाडौँबाट अनिवार्य स्वीकृति लिनुपर्ने भए पनि सोह्रौँ विधान संशोधन गर्दासम्म उसले कुनै जानकारी गराएको थिएन । चौतर्फी दबाबपछि २०७५ पुस ३० को निर्णयले १७औं विधान संशोधनमा मात्रै स्वीकृति लिन आएको ग्रह मन्त्रालयले जनाएको छ । गरी स्वीकृत भएको देखिन्छ ।

प्रशासन कार्यालयले विधानबमोजिम काम गर्न निर्देशन दिए पनि अटेर गरेपछि काठमाडौँ प्रशासनले संस्था दर्ता ऐन २०३४ को दफा १२ ( ४) बमोजिम कारवाही किन नगर्ने भनी स्पष्टीकरण मागेको थियो । सोसाइटीले स्पष्टीकरण चित बुझ्दो जवाफ नदिएको कार्यालयले जनाएको छ । भक्तपुरमा केन्द्रीय गोदाम घरका लागि जग्गा खरिद, रक्तसञ्चार केन्द्रको भवन निर्माण र विभिन्न जिल्लामा खानेपानी आयोजना सञ्चालन गर्दा आर्थिक अनियमितता गरेकाले कारवाही गरी पाउँ भनी अख्तियार दुरूपयोग अनुसन्धान आयोग, गृह र परराष्ट्र मन्त्रालय तथा जिल्ला प्रशासन कार्यालयमा समेत रेडक्रसविरुद्ध उजुरी परेको छ ।

छानबिनका क्रममा २०७६ वैशाख २३ देखि २५ गतेसम्म सुनसरीको धरानमा तय गरिएको अधिवेशन वैशाख २२ गते प्रशासनको निर्देशनले रोकिएको थियो । गत साउन २८ मा अर्को अधिवेशन बोलाइए पनि प्रशासन कार्यालयको निर्देशनमा अधिवेशन रोकेर साधारणसभा मात्रै भएको छ ।

यसअघि प्रशासन कार्यालयको जेठ ६ गतेको निर्णयले तत्कालीन अध्यक्ष सञ्जित थापा अध्यक्ष रहेको समितिलाई विघटन गरी पूर्वउपाध्यक्ष महामन्त्री प्रा डा विश्वकेशर मास्केको अध्यक्षतामा तदर्थ समिति गठन गरेको थियो । सर्वोच्च अदालतको उत्प्रेषणको आदेशबाट उक्त समिति बदर भई थापा नेतृत्वको समितिले निरन्तरता पाउँदै आएको छ ।

उक्त विषयमा नेपाल रेडक्रस सोसाइटीका उप-महामन्त्री हरिप्रसाद न्यौपाने निराधार आरोप लगाएको दाबी गर्नुहुन्छ । रेडक्रसको नीति नियम, विधान, प्रक्रियाअनुसार नै काम भएको उहाँले बताउनुभयो । चुनावलाई लक्षित गरेर आरोप लगाइएको जिकिर गर्दै न्यौपानेले भन्नुभयो, "अपराध गरेको तथ्य भए कारवाही गरे हुन्छ ।"

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit
हिमालरेमिट
CG Money
CHAUDHARY GROUP

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*